## प्रेस विज्ञप्ति

कोशी प्रदेश सरकारले स्वच्छ", सुखी र समुन्नत प्रदेश निर्माणको दीर्घकालीन सोचलाई सार्थक बनाउने उद्देश्य सहित आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि कुल ४० अर्ब ४४ करोड ९८ लाखको बजेट कोशी प्रदेश सभामा पेश गरेको छ। आर्थिक विकास, रोजगारी सिर्जना, समन्यायिक वितरण, गरिबी न्यूनीकरण र दिगो पूर्वाधार विकासलाई केन्द्रमा राखी तयार गरिएको बजेटले करिब ५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ।

धनकुटाको चौबिसे क्षेत्रमा आईटिपार्क, मुख्य सहरी क्षेत्रका सडकमा स्मार्ट सिसीटिभी सर्भिलेन्स प्रणाली र सार्वजनिक सवारी साधनमा जीपीएस प्रणाली जडान जस्ता कार्यक्रम र विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ।

बहुवर्षीय आयोजनाको लागि कार्यान्वयन, प्रादेशिक सडक सञ्जाल गुरुयोजना कार्यान्वयन, विपन्न तथा आवासविहीनका लागि 'कोशी जनता आवास कार्यक्रम' सञ्चालन, स्थानीय तहको साझेदारीमा फोहोर व्यवस्थापनका लागि पूर्वाधार निर्माण जस्ता कार्यक्रम समावेश गरिएका छन्।

प्रमुख राजमार्गसँग जोडिएका सहरहरूमा उज्यालो सहर कार्यक्रम, सार्वजनिक विद्यालयमा रुफटप सोलार कार्यक्रम, जनताको जलविद्युत कार्यक्रम अन्तर्गत घुन्सा खोला र सिम्बुवा खोला जलविद्युत आयोजनामा लगानी, अधुरा आयोजना सम्पन्न गर्ने, निर्वाचन केन्द्र लक्षित मझौला सिंचाई आयोजना र भूमिगत सिँचाइ कार्यक्रम समेटिएका छन्।

२०८३ श्रावणदेखि २०८५ असारसम्म "कोशी प्रदेश भ्रमण वर्ष" सञ्चालन गरिने, रामधुनीमा प्रादेशिक प्राणी उद्यान स्थापना र हाब्रे (रेडपाण्डा) तथा हिउँ चितुवाको संरक्षण गरिने चियाबारी, फाल्गुनन्द, लालीगुराँस र मुन्धुम पदमार्गको विकास तथा केबलकार र गुप्त बराह मोनोरेलको सम्भाव्यता अध्ययन जस्ता कार्यक्रम समावेश गरिएका छन्।

प्राविधिक शिक्षामा युवालाई आकर्षण गर्न "पढ्दै कमाउँदै कार्यक्रम", सीमान्तकृत छोरीको शिक्षाका लागि "सक्षम छोरी" कार्यक्रम, १०० वटा सामुदायिक विद्यालयमा डिजिटल बोर्डसहितको प्रविधिमैत्री सिकाइ, विराटनगरको बैजनाथपुरमा प्रादेशिक खेलकुद ग्राम विकास, अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम र किशोरी सशक्तीकरण तथा आत्मरक्षा अभियान जस्ता कार्यक्रम सामाजिक विकासका क्षेत्रमा संचालन गरिनेछ।

प्रदेश मातहतका अस्पताललाई ५० शय्यामा स्तरोन्नति गरिने र प्रमुख अस्पताललाई आईसीयू सेवासहित रेफरल अस्पताल बनाइने, मेरो स्वास्थ्य मेरो जिम्मेवारी अभियान सञ्चालन र महिलाको पाठेघर तथा

स्तन क्यान्सरको स्क्रिनिङ गरिने र १२ वर्ष मुनिका लक्षित बालबालिकाको निःशुल्क उपचारको व्यवस्था मिलाइने जस्ता कार्यक्रममा वजेट विनियोजन गरिएको छ।

प्राङ्गारिक मलको उत्पादन र विषादीमुक्त खेतीलाई प्रोत्साहन, कृषि कर्जामा ब्याज अनुदान, पशुपन्छीमा लाग्ने खोरेत रोग नियन्त्रण अभियान सञ्चालन, ढाका, खाँडी र अल्लो जस्ता स्थानीय घरेलु उत्पादनलाई प्रोत्साहन र बजारीकरण, रैथानेबाली, व्यावसायिक फलफूल, नगदे तथा मसला बालीको प्रर्वद्धन कार्यक्रम जस्ता कार्यक्रम कृषि क्षेत्र अन्तर्गत समेटिएका छन्।

सडक पूर्वाधारका वहुवर्षीय आयोजनाको मापदण्ड परिमार्जन गरी पहाडमा अधिकतम ३० करोड र तराईमा २५ करोडसम्मका आयोजना मात्र स्वीकृत गरिने,लैङ्गिक उत्तरदायी वजेट तर्जुमा गरी कार्यान्वयन, राजस्व चुहावट नियन्त्रणको लागि समन्वयात्मक संयन्त्रको स्थापना जस्ता कार्यक्रम सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट कटान सङ्कलन भई विक्री वितरण हुने काठ दाउराको विक्रीबाट उपभोक्ता समूहको कोषमा प्राप्त हुने आय मध्ये समूहको आफ्ना सदस्यहरुवाट प्राप्त आयमा पाँच प्रतिशत र समूह वाहिरवाट प्राप्त आयमा पन्ध्र प्रतिशत रकम मासिक रुपमा सामुदायिक वन उपभोक्ता समूहले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने नीतिगत सुधार गरिएकोले आन्तरीक आय अभिबृद्धि हुने अनुमान गरिएको छ।

समग्रमा यस वजेटले कृषि तथा औद्योगिक उत्पादन वृद्धि, पर्यटन प्रवर्द्धन, गुणस्तरीय स्वास्थ्य सेवा र दिगो पूर्वाधार निर्माण गर्दै प्रदेशको अर्थतन्त्रलाई चलायमान वनाउने लक्ष्य राखेको छ। यसको सफल कार्यान्वयनका लागि सरकार सवै सरोकारवाला पक्षबाट निरन्तर सहयोगको अपेक्षा गर्दछ।

धन्यवाद ।

मिति:२०८३।०३।०२

प्रवक्ता